परिवर्तनका लागि एक नयाँ आवाज

टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ३५ पष्ठ ४ २०८२ मंसिर १० गते, बुधबार 26 November, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

जनकपुरमा राम-सीताको दिव्य विवाह पञ्चमी महोत्सव भव्य रूपमा मनाउँदै

टक नेपाल



जनकपुरधाम । त्रेतायुगमा भगवान सीतारामबीच भएको विवाहको स्मरणमा जनकपुरधाममा प्रतीकात्मक विवाह महोत्सव धुमधामका साथ मनाइयो। साताव्यापी विवाहपञ्चमी महोत्सव अन्तर्गत मंगलबार बिहान जानकी मन्दिरमा विशेष पूजा गरियो। त्यसपछि मन्दिर को सरसफाइ गरियो। मन्दिरमा दर्शन पूजा निरन्तर चलीरह्यो ।

दिउँसो जानकी मन्दिरबाट स्वयम्बरका लागि माता सीताको डोला बाजागाजासहित रंगभूमि मैदान (बाह्रबिघा)का लागि प्रस्थान गर्यो। जानकी मन्दिरबाट डोला प्रस्थान गरेसंगै राम मन्दिरबाट फरक मार्ग भएर भगवान रामको डोला पनि स्वयम्बरका लागि रंगभूमि मैदान पुग्यो। विवाह महोत्सवको दिन रंगभूमि मैदानमा भगवान सीतारामको स्वयम्बर भयो।

त्रेता युगमा सीता स्वयम्वरको दर्शन गर्न सबै भगवान विभिन्न रुप धारण गरी जनकपुरधाममा आएको रामायणमा वर्णन गरिएको छ। भगवान रामको डोलालाई भगवान जानकीको डोलाले परिक्रमा गयो । पुष्पवृष्टि गर्दै श्रद्धालुहरुले जयजयकार गरे ।

त्रेतायुगमा देवताहरु आएको संस्मरण गर्दै जनकपुरधाममा रहेका अधिकांश मठमन्दिरबाट भगवानहरुलाई रथ, डोला सजाएर बाजागाजासहित रंगभूमि मैदानमा ल्याइयो ।

भगवान सीतारामको स्वयम्बर सम्पन्न भएपश्चात सीतारामको डोलासहित विभिन्न मन्दिरका डोला, झाँकीसहितको शोभायात्रा नगरपरिक्रमा गर्दै जानकी मन्दिरमा पुग्यो। भगवान जानकीको डोला जानकी मन्दिर परिसरमा पुगेपछि वैवाहिक कार्यक्रम प्रारम्भ भयो, उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले जानकारी दिए ।

मन्दिर परिसरमा वैवाहिक कार्यक्रम अबेर रातिसम्म भयो, जसमा मिथिलाको परम्परा अनुसार भगवान सीतारामको प्रतीकात्मक विवाह सम्पन्न गरियो ।

वैवाहिक कार्यक्रममा लाखौं श्रद्धालुहरुको सहभागिता रह्यो। जनकपुरधामका प्रायः हरेक चोक, सडक र सार्वजनिक स्थलहरुमा श्रद्धालुहरु बास बसेका थिए ।

यसैबीच सीताराम विवाह महोत्सवको पाँचौ दिन सोमबार माता सीताको मटकोर विधि सम्पन्न भयो। जानकी मन्दिरबाट सीताको प्रतीकत्मक शोभायात्रा पवित्र गंगासागर पुग्यो। हजारौं श्रद्धालुहरुको सहभागिता रहेको मटकोर विधि मिथिलामा विवाहपूर्व हुने अत्यन्त महत्वपूर्ण मानिन्छ ।

मटकोरमा मन्दिरका उत्तराधिकारी महन्तलगायत पुजारी र सखीहरुले मिथिला परम्परा अनुसार विधिविधान पूरा गरे। मटकोर पूजा सम्पन्न भएपछि मात्र मिथिलामा विवाह हुने चलन छ।

साताव्यापी सीताराम विवाह पञ्चमी महोत्सवको पहिलो दिन नगरदर्शन, दोस्रो दिन फूलवारी लीला, तेस्रो दिन धनुष यज्ञ, चौथो दिन तिलकोत्सव र पाँचौ दिन मटकोर पूजाको विधि सम्पन्न भयो। मंगलबार विवाहोत्सव सम्पन्न भएपछि बुधबार रामकलेवा संगै साताव्यापी महोत्सव समापन हुनेछ ।

भगवान सीतारामको वैवाहिक कार्यक्रममा सहभागी हुन सबै लोकका देवी-देवता जनकपुरधाम आएको रामायणमा वर्णित छ। जन्तीसहित आएका महाराज दशरथको स्नान र आवासको विशेष व्यवस्था गरिएको थियो। राजा दशरथका लागि तयार गरिएको दशरथ तलाउ (महाराज सागर) र त्यसको डिलमा रहेको दशरथ मन्दिर अहिले पनि विद्यमान छ।

माता सीताको आवास सुन्दर सदनमा पनि वैवाहिक महोत्सवको आयोजना गरियो। कमला नदीबाट मटकोर विधि गरी माटो ल्याइएको महन्त नवलकिशोर शरणले जानकारी दिए। उनले भने, "कमला नदीबाट मटकोर विधि गरी माटो ल्याइएको छ, मंगलबार विवाहोत्सव कार्यक्रम रहने छ।" जनकपुरधामका प्रायः सबै मठमन्दिरहरुमा विवाह महोत्सवको अवसरमा विशेष भजन-कीर्तन गरियो।

जानकी मन्दिरमा सहनाई गुञ्जियो। जनकपुर धाम नै विवाहमय बन्यो। संसारमै जनकपुरधाममा मात्रै भगवान रामलाई सभ्य रूपमा गाली गर्दै मै थिलानीहरुले विवाहोत्सव मनाईन्छ ।

जनकपुरधाममा भगवान रामलाई गाली गर्दै मनोरञ्जन गराउने परम्परा पनि रहेको छ ।

सेनाद्वारा निशुल्क स्वास्थ्य शिविर



टक नेपाल

जनकपुरधाम । जनकपुर धामको सांस्कृतिक र पहिचानसँग जोडिएको सीताराम विवाह पञ्चमी महोत्सवको अवसरमा नेपाली सेनाले बृहत् निशुल्क स्वास्थ्य शिविर आयोजना गरेको छ ।

मधेश प्रदेशको बर्दिबासस्थित नेपाली सेनाको मध्य-पूर्वी पृतना तथा सो अन्तर्गतका युनिटहरूको संयोजनमा सोमबार तीन दिवसीय निशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको छ । विवाह पञ्चमीमा सहभागी हुन आएका साधु-सन्त, भक्तजन तथा स्थानीयलाई लक्षित गरी जनकपुरधामको ऐतिहासिक बाह्रबिघा रंगभूमि मैदानमा आयोजन गरिएको शिविरमा विभिन्न प्रकारका स्वास्थ्य सेवा, औषधि वितरण तथा आँखाको मोतीबिन्दुको निःशुल्क शल्यक्रिया समेत उपलब्ध गराइएको सेनाले जनाएको छ ।

शिविरमा नेपाली सेनाका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूसँगै स्थानीय सरकारी तथा निजी अस्पतालका स्वास्थ्यकर्मीहरूको पनि सक्रिय सहभागिता रहेको छ । नागरिक-सैनिक सम्बन्ध सुदृढीकरणको लक्ष्यसहित सञ्चालन गरिएको यस निशुल्क शिविरमा सेनासँग सम्बन्धित सामाजिक उत्तरदायित्व तथा जनचेतनामूलक गतिविधिबारे जानकारी दिन विभिन्न सूचना एवं फोटो प्रदर्शनीका स्टलहरू पनि राखिएका छन् । स्वास्थ्य शिविरको उद्घाटन मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले एक विशेष समारोह बीच गरेका थिए। प्रदेशका मुख्यमन्त्री सरोज यादवले पनि शिविरको अवलोकन गरेका छन् ।

यस वर्ष पनि साताव्यापी विवाह पञ्चमी महोत्सवको मुख्य आकर्षण मानिने भोलि मंगलबारको स्वयम्बर समारोहको अवसरमा नेपाली सेनाले हेलिकोप्टर मार्फत पुष्पवृष्टि तथा सैनिक बैन्डको विशेष प्रस्तुति प्रस्तुत गर्ने कार्यक्रम रहेको पृतनापति कृष्णबहादुर जीसी जनाएका छन् । यसैबीच मटकोर विधिको क्रमको सो सेना टोलीद्वारा विशेष सुरक्षाको व्यवस्था गरिएको थियो ।

यसका साथै मटकोर भइरहेको बेला गंगा सागरमा डुँगा चलाएर कार्यक्रम दृश्यलाई मनमोहक बनाएको थियो ।

Pan No. 121584733
DDA No. 3780432055942

☎ 9705446882, 9705446883

खुशी मेडिकल हल

बर्दिवास-२, महोत्तरी औषधी पसल

यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ ।

डिभिजन बन कार्यालयको अनुरोध

- रुख रोपौं, बन जोगाऔं ।
- पानी मुहान, सिमसार, तालतलैयाको संरक्षण गरौं, जैविक विविधतालाई बचाइ राखौं ।
- खाली जग्गाहरुमा वृक्षरोपण गरौं, जलवायु परिवर्तनको असर न्यूनिकरणमा योगदान गरौं ।
- खोला किनारमा रुख रोपौं, नदीकटान बाढी रोकथाम गर्दै विपद व्यवस्थापनमा सहयोग गरौं ।
- आफ्नो टोल, गाउँ, नगर तथा सार्वजनिक स्थल सफा राखौं, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔं ।
- प्लास्टिक झोलाको सट्टामा वैकल्पिक झोलाको प्रयोग गरौं, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔं ।
- आफ्नो टोल घर माउँ बन जंगलमा वृक्षरोपणका लागि आवश्यक सिप्पा लिनका लागि नजिकैको डिभिजन बन कार्यालय र सब डिभिजन बन कार्यालयमा सम्पर्क गरौं ।

डिभिजन बन कार्यालय
महोत्तरी, जलेश्वर
फोन : ०४४ ५२०६५४

पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

सम्पादकीय

मानवअधिकारका प्रतिबद्धतालाई जीवन्त राख्न जेन-जी आन्दोलनका दमनकारीलाई जवाफदेही बनाऊ

२३ भदौको जेन-जी आन्दोलन र २४ भदौको प्रदर्शनका क्रममा भएका मानवीय र भौतिक क्षतिले निम्त्याएको आघातलाई पुनःस्मरण गराउने गरी 'ह्युमन राइट्स वाच' को प्रतिवेदन सार्वजनिक भएको छ। साढे दुई महिनाअघिको आन्दोलनमा घातक हतियारसहित अत्यधिक बल प्रयोग गरिएको निष्कर्ष निकाल्दै उसले संलग्न सुरक्षा निकाय र राजनीतिक पात्रहरूलाई जवाफदेही बनाउनुपर्ने सुझाव पनि दिएको छ। जेन-जी आन्दोलनपछि नेपाली समाजले खोजेको पनि त्यही हो। २४ गतेको प्रदर्शनका क्रममा आगजनी, तोडफोड र लुटपाटमा संलग्नहरूमध्ये कतिपय पक्राउ परेका छन्। यद्यपि, २४ गतेको घटनाका लागि उत्प्रेरक रहेको २३ गतेको दमन र मानवीय क्षतिका लागि जिम्मेवार पहिचान गर्ने र कारबाहीको दायरामा ल्याउनेतर्फ सरकारले सक्रियता देखाएको छैन। यसले जेन-जीलगायत न्यायपूर्ण समाजका पक्षधरलाई असजिलो निम्त्याएको छ। त्यसैले उनीहरू पनि कारबाहीको दायरामा आउनुपर्ने माग भइरहेको छ। 'ह्युमन राइट्स वाच' को निष्कर्ष र सुझावले पनि त्यही आवाज बोलेको छ। यसलाई सरकारले गम्भीरतापूर्वक लिनुपर्छ। 'ह्युमन राइट्स वाच' मानवअधिकार उल्लंघनका घटनाबारे विश्वव्यापी अनुगमन गर्ने संस्था हो। स्वतन्त्र ढंगले तथ्यमा आधारित प्रतिवेदन प्रकाशन गरेर छवि बनाएकाले मानवअधिकारका पक्षधरका माझ यो लोकप्रिय छ। यद्यपि, यसका सुझाव वा सिफारिस कार्यान्वयन गर्नैपर्ने औपचारिक र कानुनी बाध्यता कुनै पनि देशलाई छैन। नेपाललाई पनि छैन। त्यसैले जेन-जी आन्दोलनसँग सम्बन्धित प्रतिवेदनका सुझाव पनि कार्यान्वयन हुनैपर्छ भन्ने छैन। तर उसका प्रतिवेदन बेवास्ता गर्न पनि सकिन्न। किनकि, प्रतिवेदन र तिनका सिफारिस कार्यान्वयनको अवस्थाबारे अन्तर्राष्ट्रिय चासो र निगरानी रहन्छ। कार्यान्वयन नहुँदा अन्तर्राष्ट्रिय समुदायमाझ नेपाललाई नैतिक र कूटनीतिक अप्ठ्यारो निम्तिन्छ। त्यसैले जेन-जी आन्दोलनसँग सम्बन्धित 'ह्युमन राइट्स वाच' को प्रतिवेदनलाई बेवास्ता गरेर चुपचाप गर्ने भूल गर्नु हुँदैन। किनकि, यो विषय मानवअधिकार प्रति नेपालको प्रतिबद्धता, मानवअधिकार हननकर्तालाई कारबाही गर्ने अग्रसरता र कानुनी शासनप्रतिको सम्मानसँग पनि जोडिएको छ। शान्तिपूर्ण प्रदर्शनमा कठोर दमन गर्नेलाई कारबाही गर्दा मात्रै नेपालले मानवअधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय मञ्चहरूमा जनाएका प्रतिबद्धताहरूले जीवन पाउनेछ। २३ भदौका लागि जेन-जीले गरेको आन्दोलनमा प्रहरीलाई तत्काल वा केहीबेरमा खतरा हुने अवस्था नदेखिएकै स्थितिमा पनि घातक हतियार प्रयोग गरिएको थियो। ब्यारिकेड पार गरेर प्रदर्शनकारी संसद् भवनतर्फ अघि बढेपछि प्रहरीले दमन गरेको थियो। कर्फ्यु आदेश जारी भएको ५ मिनेटपछि नै प्रहरीले घातक हतियारबाट गोली चलाउन थालेको थियो। प्रतिवेदनका लागि अन्तर्वार्ता गरिएका कुनै पनि प्रत्यक्षदर्शीले घातक हतियार प्रयोगअघि प्रहरीले चेतावनी दिएको थाहा नपाएको बताएका छन्। पहिलो दिन नै १९ जनाको मृत्यु र सयौं घाइते भएपछि २४ गतेको प्रदर्शन भयो। तर, सरकारी संस्था, व्यवसाय, सञ्चार संस्थामाथि भएको आक्रमणमा जेन-जी आन्दोलनसँग प्रत्यक्ष सम्बन्ध नभएका व्यक्तिहरूको संलग्नता देखिएको प्रतिवेदनले औंल्याएको छ। त्यसैले २३ गतेका दमनकर्ता र २४ गतेका विध्वंसकर्ताको पहिचान र कारबाही अनिवार्य छ। पहिचान र कारबाहीका प्रक्रिया पारदर्शी र विश्वसनीय हुनुपर्छ।

जेनजी आन्दोलन : ओली-लेखकसहितका ९ जाहेरी तामेलीमा

● टक नेपाल



जेनजी आन्दोलनको घटनालाई जोडेर परेका जाहेरी मध्ये ९ वटा जाहेरी तामेलीमा राखिएको छ।

जिल्ला प्रहरी प्रहरी काठमाडौंका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईका अनुसार विभिन्न कसुर दाबी गर्दै प्रहरीमा आएका ९ जाहेरी तामेलीमा राखिएको हो। जसमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, काठमाडौं महानरपालिकाका मेयर बालेन शाह, हामी नेपालीका संस्थापक सुदन गुरुङलगायत विरुद्ध परेका गरी ९ वटा जाहेरी तामेलीमा राखिएको हो।

तत्काल प्रमाणअनुसार अनुसन्धान गरेर मुद्दा चलाउनुपर्ने नदेखिएपछि प्रहरीको सिफारिसमा सरकारी वकिल कार्यालयले निर्णय जाहेरी तामेलीमा राखिएको हो।

प्रहरीमा आएका १०४ जाहेरी भने दर्ता गरेर अनुसन्धान प्रक्रिया अघि बढाइएको छ। जसमा व्यक्तिगत जाहेरी २२, सरकारी कार्यालय तोडफोठ तथा आगजनी कसुरमा ६६, संस्थागत, व्यापारिक प्रतिष्ठान, अदालत अखितयार समेत गरेर १६ गरी १०४ जाहेरी दर्ता गरेर अनुसन्धान गरिएको प्रहरीले बताएको छ।

ओलीलाई पोखरेलले भने- 'एमालेको नेतृत्व हस्तान्तरण गरी सहज निकास दिनुस्'

● टक नेपाल



एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई पार्टी नेतृत्व सहज रूपमा हस्तान्तरण गर्न अनुरोध गरेका छन्। ११ औं राष्ट्रिय महाधिवेशनमा अध्यक्षको उम्मेदवार बन्ने घोषणा गर्दै पोखरेलले अध्यक्ष ओलीलाई सहज निकास दिन भनेका हुन्। अध्यक्षका लागि सोमबार उम्मेदवारी घोषणा गर्दै पोखरेलले लिखित रूपमा ओलीलाई नेतृत्व हस्तान्तरण गर्न भनेका हुन्। 'पार्टीको आन्तरिक लोकतन्त्रसम्बन्धी आफैंले अघि सारेका मान्यतालाई सम्मान गर्ने पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीले नेतृत्व हस्तान्तरणमा सकरात्मक भूमिका निर्वाह गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छ,' पोखरेलले भनेका छन्, 'अभिभावकीय भूमिकामार्फत सहज निकासका लागि पार्टी अध्यक्ष कमेरडलाई अनुरोध गर्दछु।'

पार्टी पुनर्गठन र रुपान्तरणका लागि आफूले एमालेको नेतृत्व गर्ने घोषणा गरेको पोखरेलको भनाइ छ। आफूले नैतिक बल आर्जन गरेको र शक्तिमा विश्वास नगर्ने उनले बताएका छन्। 'विधि, समन्वय, सामूहिकता र सहकार्यमा म विश्वास राख्छु,' उनको भनाइ छ, 'पार्टी पुनर्गठन र रुपान्तरणका लागि देशभरीका साथीहरूले गर्नुभएको आग्रह र सुझावलाई स्वीकार गरेर अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेको हुँ।' पार्टीका नेताहरूलाई योग्यता, क्षमता र रुचिअनुसार जिम्मेवारी प्रदान गर्दै सामूहिक नेतृत्व र पहलमार्फत एमालेलाई निर्णायक राष्ट्रिय शक्तिका रुपमा विकास गर्नका लागि आफूले नेतृत्वमा दाबी गरेको उनले विज्ञप्तिमा उल्लेख गरेका छन्

पोखरेलले पार्टी महाधिवेशन प्रतिनिधि छनोटमा उच्च विवेकको प्रयोग, स्वस्थ्य, मर्यादित र निर्भयताका साथ सक्रिय सहभागी हुन आग्रह गरेका छन्।



मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।
- चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सकी ग सकी संघसंस्थाहरूसँग समन्वय गने ।
- पीडित प्रभावितहरूलाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।
- मानव बेचबिखनका मुद्दा अनुसन्धान गने प्रहीलाइ यसका बोमा धे ज्ञान दिन जरूी छ । उनीहरूलाइ बेचबिखन सम्बन्धी अपाधको गाम्भीयता बुझाउन जरूी छ ।
- भातीय सिमा नाकाहरूमा संघ संस्था नागकि समाजसंग मिले निगानी प्रभावकी बनाइनु पदछ ।
- अनुसन्धान पद्धतिमा व्यापक सुधा गी विज्ञ समूह खडा गने विशेष अनुसन्धान पद्धति लागू गनि आवश्यक छ ।

गौशाला नगपालिका, महोत्तरी
मधेश प्रदेश

कांग्रेस विवादमा अब सभापति देउवा र महामन्त्री आमनेसामने

● टक नेपाल



कांग्रेसले आगामी निर्वाचनमा सभापति शेरबहादुर देउवाले नै टिकट वितरण गने गरी निर्वाचन आयोगमा दल दर्ता गरे पछि महाधिवेशनको विवाद अब वारपार को विन्दुमा पुगेको छ । यसैबाट निर्णय लिन बिहीबार केन्द्रीय कार्यसमितिको बैठक बोलाइएको छ ।

कांग्रेसले आइतबार सभापति देउवाको नाम राखेर उनको हस्ताक्षरको नमुनासहित दल दर्ताको निवेदन आयो गमा बुझाएको थियो । आगामी ११ माघमा हुने राष्ट्रियसभा निर्वाचन, २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचन अगाडि महाधिवेशन भएन भने यी दुवै निर्वाचनमा उम्मेदवारको टिकट वितरणमा देउवा नै हाबी हुनेछन् । त्यसैले पनि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मालाई निर्वाचन अघि नै महाधिवेशन गराउन थप दबाब बढेको छ । त्यसैका लागि महाधिवेशन पक्षधर नेताहरूले बुधबार राजधानीमा विशेष भेला समेत आयोजना गर्दैछन् । विशे

ष महाधिवेशनको निर्णय लिन पार्टीलाई

दबाब दिने उद्देश्यले हस्ताक्षरकर्ता प्रतिनिधिहरू र जिल्ला सभापतिहरूको भेला बोलाइएको अभियन्ताका नेता देवराज चालिसेले बताए ।

महामन्त्रीहरू निर्वाचन अगाडि महाधिवेशन गर्न सभापतिमाथि दबाब बढाइरहेका बेला देउवा भने नियमित र विशेष दुवै महाधिवेशन टारेर फेरि पनि सत्ता-राजनीतिको केन्द्रमा बस्न अग्रसर देखिएका छन् । त्यसैको पछिल्लो कडी थियो, देउवाको हस्ताक्षरमा सोमबार निर्वाचन आयोगमा दल दर्ता गर्ने कदम । यो बीचमा सभापति देउवाको भूमिका विरोधाभाषपूर्ण देखिन्छ । एकातिर उनी आफैले टिकट वितरण गर्नेगरी निर्वाचन आयोगमा दल दर्ता गराउन लगाएका छन् भने अर्कोतर्फ विशेष महाधिवेशन माग गरिएको निवेदन फिर्ता लिने 'सर्त' सहित निर्वाचन अगाडिकै तालिका ल्याउन सहमत भएको सन्देश पनि दिएका छन् । त्य पभभउ यल मचषखष्लन गलतर्ष कयगलम अयकभक

विशेष महाधिवेशनका लागि असोज २८ गते केन्द्रीय कार्यालयमा दर्ता भएको ५४ प्रतिशत हस्ताक्षरसहितको निवेदन फिर्ता नलिएमा तीन महिनाभित्र अर्थात् पुस २८ गतेभित्र विशेष महाधिवेशन बोलाउनै पर्ने विधानको बाध्यता छ । पुस मसान्तभित्र महाधिवेशन गर्ने चाहना भए विशेष महाधिवेशनको निवेदन फिर्ताको 'सर्त' नै राखिरहन नपर्ने महामन्त्री थापा र शर्माको धारणा छ । पुस मसान्तभित्र नियमित महाधिवेशन गर्दा विशेष महाधिवेशनको औचित्य स्वतः समाप्त हुने उनीहरूको तर्क छ तर सभापति देउवा र उनी निकटका नेताहरू विशेष महाधिवेशनको निवेदन फिर्ता लिने 'सर्त'मा मात्रै कार्यतालिका आउने बताइरहेका छन् । 'संस्थापन पक्षले पुसको कार्यतालिकाका लागि विशेष महाधिवेशनको निवेदन फिर्ता लिनुपर्छ भनी राख्नु भएको छ । २४ सय ८८ प्रतिनिधिहरूले हस्ताक्षर गरेर माग गरेको विषय कसरी फिर्ता लिन सकिन्छ ? नियमित अधिवेशन गरेपछि त विशेष अधिवेशनको औचित्य आफै समाप्त हुन्छ । यस्तो कुरामा हलो अड्काउनु भनेको महाधिवेशन नगराउने नियत हो भन्ने कुरा प्रष्ट छ,' महाधिवेशन पक्षधर नेता चालिसेले भने, 'निर्वाचन आयोगमा सभापतिकै नाम राखेर दल दर्ता गरेपछि स्थिति झनै जटिल बनाएको छ ।'

निर्वाचन आयोगमा आफैले टिकट बाँड्ने गरेर दल दर्ता गराउन लगाउने, अर्कोतर्फ विशेष महाधिवेशनको निवेदन फिर्ता गराउन 'सर्त' राख्नुले कार्यतालिका मात्रै ल्याउन खोजिएको चालिसेले बताए । पार्टीभित्र नेतृत्व र नीति परिवर्तन नगरी निर्वाचनमा जान नसकिने निष्कर्ष निकालेर विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियानमा समर्थन गरेका महामन्त्री थापा र शर्मा अब पार्टी सभापति देउवासँग आमनेसामने हुने स्थिति बनेको छ । महामन्त्री थापाले वर्तमान देउवाबाट नभई महाधिवेशनबाट आउने नयाँ नेतृत्वले आगामी निर्वाचनमा टिकट वितरण गर्ने भन्दै चुनौती दिँदै आएका छन् । उनले भन्दै आएका छन्, 'अब विधान बमोजिम समयभित्रै विशेष महाधिवेशन हुन्छ, त्यहींबाट नयाँ सभापतिको निर्वाचन हुन्छ । नयाँ सभापतिको हस्ताक्षरसहित निर्णय सच्चिएर निर्वाचन आयोगमा जान्छ । नयाँ नीति र नेतृत्वसहित त्यही हस्ताक्षरमा पार्टी चुनाव लड्छ ।'

कांग्रेस महामन्त्री थापाले भने- 'निर्वाचनअगाडि आउने नयाँ नेतृत्वले नै टिकट बाँड्छ, सभापति देउवाले होइन'

कांग्रेस महामन्त्री थापाले भने- 'निर्वाचनअगाडि आउने नयाँ नेतृत्वले नै टिकट बाँड्छ, सभापति देउवाले होइन'

दुई महामन्त्री निकट नेताहरूका अनुसार जेन-जी आन्दोलनलगत्तै सभापति देउवालाई पद छाडेर कार्यबाहक दिन महामन्त्रीहरूले सुझाएका थिए । त्यतिबेलै देउवा कार्यबाहक दिन तयार पनि थिए । तर, केन्द्रीय कार्यसमितिमा नै सम्बोधन गरेर छाड्न आफू निकटका नेताहरूले सुझाएपछि देउवाले त्यसैलाई पर्खिए । असोज २८ को पहिलो बैठकमा सम्बोधन गरेर उपसभापति पूर्णबहादुर खड्कालाई कार्यबाहकको अधिकार सुम्पिए अनि सक्रिय राजनीतिबाट नफर्कने घोषणा समेत गरे ।

सभापतिबाट राजीनामा नदिई कार्यबाहकको जिम्मेबारी मात्रै दिँदा महामन्त्री थापा त्यतिबेलै संशंकित भएका थिए । राजीनामा विनाको कार्यबाहकको कुनै अर्थ नभएको भन्दै उनले निर्वाचन अगाडिनै महाधिवेशन हुनुपर्ने अडान लिँदै आए । 'हुन पनि त्यस्तै भयो । सम्पूर्ण समस्याहरूसँग उपसभापति खडकालाई सामना गर्न लगाएर आफू सिंगापुर गए । त्यहाँबाट फर्केपछि सभापतिज्यू आफै सक्रिय हुन थाल्नुभयो । निर्वाचन आयोगमा आफ्नै हस्ताक्षर चल्ने गरेर दल दर्ता गर्ने भएपछि अब टिकट वितरणका सबै काममा उहाँ सक्रिय त्यसै पनि हुनुहुन्छ,' एक पदाधिकारीले भने ।

विधानतः सभापति देउवा फेरि पार्टी सभापतिमा प्रतिस्पर्धा गर्न पाउनेछैनन् । कांग्रेसले विधानले दुई कार्यकालभन्दा बढी सभापति हुन नपाउने व्यवस्था राखेको छ । तर, आफैले टिकट वितरण गर्ने र निर्वाचनपछि आउने संसदीय दलमा आफ्नो प्रभाव कायम राख्ने चाहना उनमा देखिन्छ । संस्थापन पक्षका पूर्व पदाधिकारीहरूले लिँदै आएको अडानका पछाडि देउवाको समेत आडभरोसा भएको पुष्टि आइतबार निर्वाचन आयोगमा दल दर्ता गरेबाट प्रष्ट हुने इतरपक्षीय नेताहरूको भनाइ छ ।

तर, त्यसलाई संस्थापन पक्षीय सह-महामन्त्री महेन्द्र यादव प्रतिवाद गर्दै निर्वाचनलाई असर गर्ने भएकै कारण बैसाखमा महाधिवेशन गर्ने प्रस्ताव गरेको तर्क गर्छन् । '२१ फागुनको निर्वाचन अगाडि अब नियमित र विशेष कुनै पनि महाधिवेशन हुने सम्भावना छैन । यो कुरा उहाँहरू (महामन्त्री) लाई पनि थाहा छ,' यादव भन्छन्, 'अब बस्ने बैठकले समस्या समाधानको निकास निकाल्छ भन्ने विश्वास लिएका छौं ।'

देउवाको सक्रियता बढेपछि विशेष महाधिवेशन पक्षधर नेताहरूले १४औं महाधिवेशनबाट सभापति निर्वाचित गर्ने प्रतिनिधिहरुको बहुमतबाटै अहिले नीति र नेतृत्व परिवर्तन गर्न विशेष महाधिवेशनको माग गरेपछि राजनीतिक रूपमा पनि देउवा पदमा बस्न नमिल्ने तर्क गर्न थालेका छन् ।

तिर्न बाँकी सार्वजनिक ऋण २७ खर्ब २९ अर्ब नाघ्यो

● टक नेपाल

गत कात्तिकसम्म सरकारले तिर्न बाँकी सार्वजनिक ऋण २७ खर्ब २९ अर्ब ४१ करोड रुपैयाँ पुगेको छ। यो नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)सँगको अनुपातमा ४४.६९ प्रतिशत हो। गत असारसम्म सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब ४ करोड रुपैयाँ थियो ।

गत असोजको तुलनामा कात्तिकसम्म तिर्न बाँकी सार्वजनिक ऋण केही बढेको छ। गत असोसम्म तिर्न बाँकी सार्वजनिक ऋण २७ खर्ब २४ अर्ब ६५ करोड रुपैयाँ थियो। सार्वजनिक ऋणमध्ये आन्तरिक १२ खर्ब ७५ अर्ब ९६ करोड (जीडीपीको २०.८९ प्रतिशत) र बाह्य १४ खर्ब ५३ अर्ब ४५ करोड रुपैयाँ (जीडीपीको २३.८० प्रतिशत) रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले बताएको छ। गत असार मसान्तको तुलनामा कात्तिक मसान्तसम्म तिर्न बाँकी सार्वजनिक ऋण ५५ अर्ब ३६ करोड रुपैयाँ थपिएको हो ।


गएको चार महिनामा १ खर्ब ३८ अर्ब ७५ करोड ऋण प्राप्ति हुँदा १ खर्ब ५० अर्ब ८८ करोड ऋण भुक्तानी भएको छ। भुक्तानी भएको कुल रकममध्ये १ खर्ब २७ अर्ब ६१ करोड रुपैयाँ साँवा र बाँकी २३ अर्ब २७ करोड रुपैयाँ ब्याजका लागि खर्च भएको छ।

सार्वजनिक ऋणको ब्याज भुक्तानीमा प्रयोग भएको रकम चालु खर्चमा समावेश गरिन्छ। यसकारण उक्त अवधिमा उठाइएको १ खर्ब ३८ अर्ब ७५ करोड रकममा साँवा भुक्तानीमा खर्च भएको १ खर्ब २७ अर्ब ६१ करोड रुपैयाँ घटाइन्छ।


त्यसरी आउने रकममा विदेशी मुद्राको विनिमय दरमा परिवर्तन आउँदा भएको ४४ अर्ब २२ करोड जोड्दा गएको दुई महिनामा ५५ अर्ब ३६ करोड रुपैयाँ सार्वजनिक ऋण थपिएको हो ।







प्रतिनिधिसभा पुनर्स्थापनाको ढोक्सा थापेर चुनावतिर एमाले



● टक नेपाल

काठमाडौं । एमाले अध्यक्ष केपी शर्मा ओलीले २०७९ को चुनावपछि पुष्पकमल दाहाल नेतृत्वमा सरकार बनाउन सहयोग गरे । तर पुस २६ मा आफ्नो समर्थनमा प्रधानमन्त्री बनेका पुष्पकमल दाहाललाई आफ्नो पक्षमा ल्याउन कांग्रेसले पनि विश्वासको मत दिने निर्णय गऱ्यो ।

कांग्रेसको उक्त निर्णयबाट झस्किएका ओलीले प्रतिनिधिसभाको रोस्ट्रमबाटै भनेका थिए- 'यस समर्थनभित्र सदासयताबाहेक अन्य कुरा छैन भन्ने विश्वास छ। यदि यो समर्थन कुनै जाल होइन, यो समर्थन ढोक्सा होइन भने स्वागतयोग्य छ । ढोक्सा हो भने रित्तै हुनेछ ।' राजनीतिक खेलहरुमा ओलीले आफैं प्रयोग गरेको 'ढोक्सा' को बिम्ब यतिबेर एमालेकै हकमा स्मरण भएको छ । किनकी जेनजी आन्दोलनको बलबाट निर्मित सरकारलाई असंवैधानिक करार गरिरहेको एमालेले मंगलबार दुईटा राजनीतिक स्टेप एकैपटक चालेको छ । उनले सर्वोच्च अदालतमा पुगेर प्रतिनिधिसभा विघटन असंवैधानिक भन्दै पुनर्स्थापनाको माग गर्दै रिट दर्ता गरेको छ । अदालतमा प्रतिनिधिसभा पुनर्स्थापनाको ढोक्सा थापेर एमालेले मंगलबार नै करिब एउटै समयमा निर्वाचन आयोग पनि पुगेर प्रतिनिधिसभाको चुनावका लागि दल दर्ता गरेको छ। यसले प्रतिनिधिसभा पुनर्स्थापना भए ठीक, नभए चुनावमा जाने बाटो उसले तय गरेको छ । विघटित प्रतिनिधिसभाका संसदीय दलका प्रमुख सचेतक महेश बर्तौला र सचेतक सुनिता बरालले रामशाहपथस्थित सर्वोच्च अदालत पुगेर प्रतिनिधिसभा पुर्नस्थापनाको माग गर्दै रिट निवेदन दिए । रिट दिएपछि बर्तौलाले असंवैधानिक रुपमा प्रतिनिधिसभा विघटन भएकाले पुनर्स्थापनाको माग राखिएको बताए।

अर्कोतिर एमाले निर्वाचन विभाग प्रमुख निरज आचार्य र कार्यालय सचिव भिष्म अधिकारीले कान्तिपथस्थित निर्वाचन आयोग पुगेर निर्वाचन प्रयोजनका लागि दल दर्ता गरे । निर्वाचन प्रयोजनका लागि दल दर्ता गरेपछि आचार्यले चुनाव जहिले भएता पनि दल दर्ता गर्न आवश्यक रहेको र यस अन्तर्गत निर्वाचन प्रयोजनका लागि दल दर्ता गरिएको बताए । संसद् पुनर्स्थापनाको मागमा एमालेले प्रस्तुत गऱ्यो ७ आधार

गत २७ भदौमा प्रतिनिधिसभा विघटन भएको हो । २३ र २४ भदौमा जेनजी आन्दोलन भएको थियो । उक्त आन्दोलनका क्रममा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिन बाध्य भएका थिए । त्यसपछि प्रतिनिधिसभाबाटै अर्को सरकार बन्न सक्ने अवस्था थिएन । २७ भदौमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनेको हो।

अन्तरिम सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले २७ भदौमै प्रतिनिधिसभा विघटन गरे । आगामी २१ फागुनमा प्रतिनिधिसभाको चुनावको मिति तोकेका छन् ।

सरकार र निर्वाचन आयोग चुनावको तयारीमा छ । यसअन्तर्गतका कार्यक्रम अगाडि बढिसकेका छन् । सरकारले आवश्यक बजेट विनियोजन गरिसकेको छ । अन्य पूर्वतयारीका कार्यसमेत गरिरहेको छ ।

ठूला १० बैंकको नियमन फ्रेमवर्क तयार, जोखिमका आधारमा बैंकले पुँजी थप्नुपर्ने

● डा. मुकेशराज काफ्ले



नेपालमा सञ्चालनमा रहेका १० ठूला 'डोमेस्टिक सिस्टमे टिकल्ली इम्पोटेन्ट बैंक्स' पहिचान गरी नियमनका लागि फ्रेमवर्क (ढाँचा) तयार पारेको छ । सन् २००८ को विश्वव्यापी वित्तीय संकट (ग्लोबल फाइनान्सियल क्राइसिस) बाट सिकेको पाठ र बासेल कमिटी अफ बैकिङ सुपरभिजन (बीसीबीएस) का असल मापदण्डसँग मेल खाने गरी यो फ्रेमवर्क तयार गरिएको राष्ट्र बैंकले जनाएको छ।

खासगरी कुनै बैंक धेरै ठूलो हुँदा असफलको जोखिम पनि धेरै हुन्छ। यसरी कुनै पनि बैंक 'टू विग टु फेल' नहोस भन्ने उद्देश्यले प्रणालीगत जोखिम न्यूनीकरणका लागि नियमन मापदढड तयार पारिएको राष्ट्र बैंकले जनाएको छ।

फ्रेमवर्कले ठूला बैंकको पहिचान, प्रणालीगत जोखिम न्यूनीकरण, ठूलो तथा आपसमा अत्यधिक जोडिएका बैंकहरूको स्थायित्व वृद्धि र अनुपातिक तथा जोखिम-आधारित सुपरीवेक्षण सुनिश्चित गर्ने लक्ष्य राख्ने राष्ट्र बैंकको भनाइ छ।

यसरी प्रणालीगत जोखिम पहिचानका लागि चार प्रकारका सूचक तयार पारिएको छ। जसमा बैंकको वित्तीय आकार (वासलात) लाई ४० प्रतिशत, अन्तरआवद्धतालाई ३० प्रतिशत, प्रतिस्थापन क्षमतालाई १५ प्रतिशत र जटिलतालाई १५ प्रतिशत भार तोकिएको छ । यी सूचकहरूले बैंकको कुल एक्स्पोजर, वित्तीय क्षेत्रभित्रको सम्पत्ति/दायित्व, भुक्तानी प्रणालीमा भूमिका, ट्रेडिङ गतिविधि तथा सीमा-पार कारोबारलाई प्रतिबिम्बित गर्ने बताइएको छ। यसरी उल्लिखित सूचकहरुमार्फत प्राप्त अंकका आधारमा त्यस्ता बैंकहरुलाई उच्च जोखिम व्यवस्थापनबापत राष्ट्र बैंकले ०.२० देखि १ प्रतिशतसम्म पुँजी थप गर्न लगाउने छ । फ्रेमवर्कमा राष्ट्र बैंकले नियामक विवेकाधिकार प्रयोग गर्न सकिने व्यवस्था पनि गरेको छ। तर यस्तो पुँजी थप गर्न लागउने व्यवस्था सन् २०२७ देखि मात्र लागु हुने राष्ट्र बैंकले प्रस्ट्याएको छ।

फ्रेमवर्कमार्फत संक्रमण जोखिम (अन्तरबैंक सापटीमा एउटा बैंकले ऋण भुक्तानी दिन नसक्दा अर्को बैंकलाई पर्ने जोखिम) घटाउन र नियमन प्रक्रियालाई प्रभावकारी र अन्तराष्ट्रिय स्तरको बनाउन सहयोग पुग्ने दाबी राष्ट्र बैंकले गरेको छ।

ठूला १० बैंकको स्वतन्त्र लेखापरीक्षणका लागि राष्ट्र बैंकले यसअघि नै खुला प्रतिश्पर्धाबाट बंगलादेशी 'हउलदार युनुस एन्ड कम्पनी' छानिसकेको छ। त्यो कम्पनीले लेखापरीक्षण काम सुरु गरिसकेको छ।

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ-मन्दिर, ऐतिहासिक दरबार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन बहिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्थानमा सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

एकडारा गाउँपालिका
गढीोत्तरी, मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा

☞ २४ सं घण्टा इमजेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न ोगहरुको विशेषज्ञ डाक्टहरुद्धारा उत्कष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा



SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,५८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014